# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६ ) काठमाडौं, आषाढ २ गते २०४३ साल ( संख्या १०


## भाग ३

### श्री ५ को सरकार

### रक्षा मन्त्रालयको सूचना

#### शाही नेपाली सेना (दैनिक तथा भ्रमण भत्ता) (दोस्रो संशोधन) नियमावली, २०४३

शाही नेपाली सेना (दैनिक तथा भ्रमण भत्ता) नियमावली, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "शाही नेपाली सेना (दैनिक तथा भ्रमण भत्ता) (दोस्रो संशोधन) नियमावली, २०४३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. शाही नेपाली सेना (दैनिक तथा भ्रमण भत्ता) नियमावली, २०३३ को नियम ६ मा संशोधन : शाही नेपाली सेना (दैनिक तथा भ्रमण भत्ता) नियमावली, २०३३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को खण्ड (ग) मा रहेको "सुवेदार र जमदार" भन्ने शब्दहरूको सट्टा "प्रमुख सुवेदारदेखि जमदारसम्म" भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ८ मा संशोधन : मूल नियमावलीको नियम ८ को,–

(१) उप-नियम (१) को खण्ड (क), (ख), (ग) र (घ) मा रहेको "तीस रूपैयाँ" "पच्चीस रूपैयाँ" "अठार रूपैयाँ" र "बाह्र रूपैयाँ" भन्ने शब्दहरूको सट्टा क्रमशः "चालीस रूपैयाँ" "पैंतीस रूपैयाँ" "तीस रूपैयाँ" र "बीस रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उप-नियम (३) को सट्टा देहायको उप-नियम (३) राखिएको छः–

"(३) उप-नियम (१) बमोजिम पाउने दैनिक भत्तामा नगर पञ्चायत क्षेत्रमा पैंतीस प्रतिशत र जिल्ला सदर मुकाममा पच्चीस प्रतिशत थप दिइनेछ ।

तर जिल्ला सदर मुकाम नगर क्षेत्रमा परेमा नगर पञ्चायतको थप रकम मात्र दिइनेछ ।"

४. मूल नियमावलीको नियम १४ मा संशोधन : मूल नियमावलीको नियम १४ को उपनियम (१) मा रहेको "भत्ता पाउन्जेल निजले" भन्ने शब्दहरूपछि "काजमा खटिएको जिल्लाको" भन्ने शब्दहरू थपिएका छन् ।

५. मूल नियमावलीमा नियम १८ क. थप : मूल नियमावलीको नियम १८ पछि देहायको नियम १८ क. थपिएको छः–

"१८ क. विदेश भ्रमणको निमित्त सैनिक व्यक्तिको वर्गीकरण : विदेश भ्रमणका निमित्त सैनिक व्यक्तिको वर्गीकरण देहायबमोजिम गरिएको छः–

(क) अतिरथीदेखि उपरथीसम्म – विशिष्ट तह
(ख) सहायक रथीदेखि महासेनानीसम्म – प्रथम तह
(ग) सेनानीदेखि प्रमुख सेनानीसम्म – द्वितीय तह
(घ) सहायक सेनानीदेखि सह-सेनानीसम्म – तृतीय तह
(ङ) पदिक र सोभन्दा मुनि – चतुर्थ तह"

६. मूल नियमावलीको नियम १९ मा संशोधन : मूल नियमावलीको नियम १९ को सट्टा देहायको नियम १९ राखिएको छः–

"१९. विदेशमा जाँदाको भ्रमण भत्ता : कुनै सैनिक व्यक्तिले सरकारी कामको सिलसिलामा विमानद्वारा विदेशमा यात्रा गर्नुपर्दा इकोनोमी क्लासको भ्रमण खर्च मात्र पाउनेछ ।"

७. मूल नियमावलीको अनुसूची ३ मा संशोधन : मूल नियमावलीको अनुसूची–३ को सट्टा यसैसाथ संलग्न अनुसूची–३ राखिएको छ ।



२२४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–३

(नियम २० को उप-नियम (१) संग सम्बन्धित)

### (क) दैनिक भत्ताको सामान्य दर

| तह | अनुसूची २ (क) वर्गका मुलुकमा यू. एस. डलर | अनुसूची २ (ख) वर्गका मुलुकमा यू. एस. डलर |
|---|---|---|
| विशिष्ट तह | ७५.०० | ६५.०० |
| प्रथम तह | ७०.०० | ६०.०० |
| द्वितीय तह | ६०.०० | ५५.०० |
| तृतीय तह | ५०.०० | ४५.०० |
| चतुर्थ तह | ४५.०० | ४०.०० |

### भारतको लागि दैनिक भत्ता दर

| तह | भारतको दिल्ली, बम्बे, कलकत्ता, मद्रासमा यू. एस. डलर | अन्य स्थानमा यू. एस. डलर |
|---|---|---|
| विशिष्ट तह | २५.०० | १५.०० |
| प्रथम तह | २५.०० | १५.०० |
| द्वितीय तह | २०.०० | १०.०० |
| तृतीय तह | २०.०० | १०.०० |
| चतुर्थ तह | १०.०० | ५.०० |

### (ख) दैनिक भत्ताको विशेष दर

खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सदस्य भएको अन्तर्राष्ट्रिय संघ संस्थाको सम्मेलन वा बैठकमा भाग लिन वा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थासंग वार्ता वा सम्झौता गर्न वा श्री ५ को सरकारको प्रतिनिधित्व गरी जाँदा खाना र अन्य सबै प्रकारका खर्च नदिई केवल बास खर्च (लजिङ्ग) को लागि होटेलको बिलबमोजिमको रकम र खाना तथा अन्य खर्चको लागि खण्ड (क) मा तोकिएको दैनिक भत्ता दरको चालीस प्रतिशत रकम दिइनेछ। तर यस खण्डबमोजिम दिइने रकम निम्न लेखिएको दैनिक रकमभन्दा बढी स्वीकृत हुनेछैन।



२२५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| तह | (क) वर्गका मुलुकमा यू. एस. डलर | (ख) वर्गका मुलुकमा यू. एस. डलर | भारत दिल्ली, बम्बे, मद्रास, कलकत्ता यू. एस. डलर | अन्य स्थान यू.एस. डलर |
|---|---|---|---|---|
| विशिष्ट तह | ९०.०० | ८५.०० | ५५.०० | ४०.०० |
| प्रथम तह | ८५.०० | ७५.०० | ५५.०० | ४०.०० |
| द्वितीय तह | ७५.०० | ६०.०० | ४०.०० | २५.०० |
| तृतीय तह | ७५.०० | ६०.०० | ४०.०० | २५.०० |
| चतुर्थ तह | ६०.०० | ५०.०० | २५.०० | १५.०० |

होटेलको बिल पेश नगरेमा खण्ड (क) को दर अनुसार मात्र दिइनेछ ।

(ग) प्रतिनिधिमण्डलमा जाँदा विशेष व्यवस्था

खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सदस्य भएको अन्तर्राष्ट्रिय संघ संस्थाको सम्मेलन वा बैठकमा भाग लिन वा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थासंग वार्ता वा सम्झौता गर्न वा श्री ५ को सरकारको प्रतिनिधित्व गरी प्रतिनिधिमण्डल जाँदा प्रतिनिधिमण्डलमा अन्य अधिकृत कर्मचारीहरू पनि समावेश भएकोमा सो प्रतिनिधिमण्डलमा समावेश भई जाने अन्य कर्मचारीलाई पनि सो देशमा बस्दा प्रतिनिधिमण्डलका वरिष्ठ अधिकृत कर्मचारीले पाए सरह होटेलको बिलबमोजिमको बास खर्च दिने गरी श्री ५ को सरकारले निर्णय गर्न सक्नेछ । तर खाना तथा अन्य खर्चको लागि भने खण्ड (क) बमोजिम आफ्नो तहले पाउने रकमको चालीस प्रतिशत रकम मात्र पाउनेछ ।

आज्ञाले,
मुकुन्दशम्सेर थापा
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## उद्योग मन्त्रालयको सूचना

श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा २ को खण्ड (ठ) ले दिएको अधिकार प्रयोग गरी खण्ड ३२ मिति २०३९।१०।२४ संख्या ४१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको अविकसित क्षेत्र तोक्ने सूचनाको अन्तमा रहेको ५३ नं. पछि देहायको ५४ नं. थप गरी देहायको जिल्लालाई अविकसित क्षेत्र तोकेकोले यो सूचना प्रकाशित गरिएको छ ।

५४. सर्लाही

आज्ञाले,
राधारमण उपाध्याय
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल प्रशासन सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०४२ को नियम ३ को उप-नियम (४) ले दिएको अधिकार प्रयोग गरी सोही नियमहरूको अनुसूची १ को प्रकरण नं. ३ (ख) मा देहायका पदनामहरू थप गरेको छ ।

१. वरिष्ठ श्रम अधिकृत
२. अञ्चल अधिकृत
३. वरिष्ठ साझा विकास अधिकृत
४. वरिष्ठ हुलाक नियन्त्रक
५. वरिष्ठ सूचना अधिकृत
६. सहायक महालेखा नियन्त्रक

आज्ञाले,
मङ्गलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## श्रम तथा सामाजिक कल्याण मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले वैदेशिक रोजगार ऐन २०४२ को दफा १ को उप-दफा (२) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐन आजैका मितिदेखि लागू हुने गरी तोकेको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
माधवलाल तवदार
श्री ५ को सरकारको सचिव

### सूचना २

श्री ५ को सरकारले वैदेशिक रोजगार ऐन २०४२ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी उक्त ऐन खाडी क्षेत्रका मुलुकहरू युनाइटेड अरब इमिरेटस, अबुधावी, कतार, साउदी अरेविया, कुवेत, इराक, बहराइन, ओमन, हङकङ, मलेशिया, सिंगापुर, ब्रुनाईमा वैदेशिक रोजगार व्यवसाय संचालन गर्न तोकेको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
जगन्नाथ जोशी
श्री ५ को सरकारको का. मु. सचिव

226



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।